**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६७/४/७ गते शुक्रवार देखि २०६७/४/१३ गते बिहिबार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ८८ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४०७२ कारोबारबाट १३ करोड ८४ लाख ४७ हजार रुपैयाँ बराबरका ४ लाख ३४ हजार ३ सय १२ कित्ता शेयरहरु खरीद विक्री भएका छन् । गत साता १०१ कम्पनीहरुको कारोबार भएको थियो, जसअनुसार ३८०५ कारोबारबाट १२ करोड ९४ लाख ७१ हजार रुपैयाँ बराबरका २ लाख ८० हजार २ सय ७४ कित्ता शेयरहरु खरीद बिक्री भएका थिए । कारोबार रकममा गत साताको तुलनामा ६.९३ प्रतिशतले वृद्धि भएको हो । कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ७ करोड १७ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५१.८४ प्रतिशत  हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २.३२ अंकले ह्रास भई अन्तिम दिन ४६१.६३ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बिमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४३७.४८ | ४२७.८९ | ४००.६४ | ५४६.३५ | ७८९.२६ | २७६.९४ | ५३२.९७ | ३९४.८९ | ४७३.७६ | ४६३.९४ | ११३.०७ | ४२.६२ |
| दोस्रो | ४३४.२३ | ४२७.८९ | ४०४.९९ | ५४६.३५ | ७८१.५३ | २८२.०८ | ५२५.२४ | ३९२.७५ | ४७४.६३ | ४६१.६५ | ११२.३३ | ४२.३८ |
| तेस्रो | ४३५.२२ | ४२७.८९ | ४०४.९९ | ५४६.३५ | ७७६.०५ | २८२.०८ | ५२१.८२ | ३९२.११ | ४७५.६९ | ४६२.०० | ११२.३३ | ४२.४० |
| चौथो | ४३३.४२ | ४२७.८९ | ४०४.९९ | ५४०.४८ | ७८१.८५ | २८२.०८ | ५१०.९७ | ३९०.८० | ४७५.२५ | ४५९.७९ | १११.७० | ४२.२९ |
| पाँचौं | ४३७.३३ | ४२७.८९ | ४०४.९९ | ५४०.४८ | ७८०.७९ | २८२.०८ | ५००.८६ | ३९०.६५ | ४७३.५३ | ४६१.६३ | ११२.१७ | ४२.५३ |
| परिवर्तन | **-०.१५** | **०.००** | **४.३५** | **-५.८७** | **-८.४७** | **५.१४** | **-३२.११** | **-४.२४** | **-०.२२** | **-२.३२** | **-०.९०** | **-०.१०** |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.९० अंकले ह्रास भई ११२.१७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१ करोड ७८ लाख रुपैयाँ) तथा शेयर संख्या (१ लाख ५ हजार ) कित्ताको आधारमा इन्फ्रास्टक्चर डेभलपमेन्ट बैंक र कारोवार संख्या (४३२ वटा) को आधारमा एसियन लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | इन्फास्टक्चर डेभलपमेन्ट बैंक | १७.८७ |
| २ | बैंक अफ काठमाण्डू | १४.६९ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड | १२.०० |
| ४ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी | ९.७६ |
| ५ | नारायणी नेशनल फाइनान्स | ५.११ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | बैंक अफ एसिया नेपाल लि. | हकप्रद | ५०,००,००० कित्ता |